**स्थानीय तह निर्वाचन घोषणाको सेरोफेरोमा भएका राजनीतिक परिचालन तथा घटनाहरु**

विश्लेषण अद्यावधिक– १

*अवधि: फागुन ९ देखि २३, २०७३/प्रकाशित: चैत १, २०७३*

**सारांश**

नेपाल सरकारले २०७३ फागुन ९ गते विगत बीस वर्षमा पहिलो स्थानीय तहको निर्वाचन २०७४ बैशाख ३१ मा सम्पन्न हुने घोषणा गर्‍यो ।[1] नागरिकहरु आफ्ना समुदायमा स्थानीय प्रतिनिधिहरु चयन गर्न आतुर रहेको हुनाले यस घोषणाको प्रतीक्षामा नै थिए । तथापि यस घोषणासँगै तराईका विभिन्न ठाउँमा विरोध र हिंसात्मक झडपहरु भए, जहाँ संविधान विवादित रहेको छ र चुनाव हुनु अगावै विभिन्न राजनीतिक मुद्दाहरु समाधान गरिनुपर्ने लामो समयदेखिको माग छ । मधेशी प्रदशर्नकारी र नेकपा (एमाले) का कार्यकर्ताहरुबीच झडप र यी दुई समूहबीचको तनाव समाधान गर्न सुरक्षा दस्ताहरु परिचालित हुँदा कम्तीमा चार जनाको मृत्यु भयो र अनेकौं घाइते भए । राजनीतिक समाधान नखोजिकनै मुलुक निर्वाचनतर्फ अगडि बढ्ने हो भने विरोध, झडप, र परिणामत: हिंसात्मक घटनाहरु निरन्तर जारी रहने गहिरो चिन्ता विद्यमान छ ।

**फागुन ९ देखि २३ बीचका घटनाहरुको संक्षिप्त विवरण[2]**

फागुन ९ गते निर्वाचनको घोषणासँगै तराईमा तत्कालै विरोध र हडताल सुरु भयो । फागुन १० मा मधेशी मोर्चा समर्थकहरुले निर्वाचन घोषणा विरुद्ध पूर्वी र मध्य तराईका जिल्लाहरुमा विरोध कार्यक्रमहरु आयोजना गरे । फागुन ११ गते निर्वाचन घोषणाको विरोधमा तराई बन्दको कार्यक्रम गरियो । त्यसको प्रभाव फरक फरक रहेको पाइयो, मधेशी बाहुल्य रहेको मध्य तथा पूर्वी भागमा बन्द सबैभन्दा प्रभावकारी रहेको रिपोर्टहरुले जनाएका थिए ।

पहिलो दुई दिन हडताल र प्रदर्शनहरु धेरैजसो शान्तिपूर्ण नै रह्यो । यद्यपि, संविधान संशोधन बेगर निर्वाचन घोषणा गरेको विरोधमा मधेशी मोर्चा समर्थकहरुले फागुन ११ गते सप्तरी जिल्लाको राजविराज नगरपालिका कार्यालयमा तोडफोड गरे । त्यसैगरी सोही दिन धनुषाको जनकपुरमा मधेशी मोर्चा र नेकपा (एमाले) समर्थकहरुबीच झडप भयो, जसमा कम्तीमा दुई जना घाइते हुन पुगे । निर्वाचन अगाडि संविधान संशोधन हुनुपर्ने माग राख्दै फागुन १० मा सदभावना पार्टीका सदस्यहरुले पर्साको बिरगञ्जमा प्रधानमन्त्री पुष्पकमल दाहालको पुतला जलाए ।

मधेशी प्रदशर्नकारी र नेकपा (एमाले) का कार्यकर्ताहरुबीच झडप वा यी दुई समूहबीचको तनाव समाधान गर्न सुरक्षा दस्ताहरु परिचालित हुँदा थप दुई हिंसात्मक घटना भए । फागुन १५ गते रौतहटको गौरमा मधेशी मोर्चालाई नेकपा (एमाले) को कार्यक्रम बिथोल्नबाट प्रहरीले रोक्दा भएको झडपमा कैयौं घाइते भए । नेकपा (एमाले) को फागुन २० गते सुरु भएको मेची-महाकाली[3] अभियानले नेकपा (एमाले) र मधेशी मोर्चाबीचको तनावलाई झन बढायो । त्यसैगरी फागुन २३ गते सप्तरीको मलेठमा नेकपा (एमाले) को मेची-महाकाली अभियानको विरोधमा प्रदर्शन गरिरहेका मधेशी प्रदर्शनकारीहरुमाथि सुरक्षा दस्ताले गोली चलाउँदा कम्तीमा चार जनाको ज्यान जानुको साथै अनेकौं घाइते भए । यी झडप र मृत्युका घटनाहरुले मुलुकलाई नै हल्लायो, साथै राष्ट्रिय समाचारदाताहरु र विश्लेषकहरुले

[1] नेपालमा अन्तिम चोटि स्थानीय निर्वाचन २०५४ सालमा भएको थियो ।

[2] यो विश्लेषण मुख्यतया नेपाल मोनिटर [nepalmonitor.org] ले संकलन गरेको तथ्यांकमा आधारित छ । सूचनाको तथ्य प्रमाणित गर्न र घटनाको थप जानकारी लिन स्थलगत अनुगमनकर्ताको प्रतिवेदन लगायत् माध्यमिक श्रोतहरुलाई पनि उपयोग गरिन्छ ।

[3] नेकपा (एमाले) का नेताहरुको भनाईमा देशभरि राष्ट्रिय एकता प्रवर्धन गर्न यो १५ दिने अभियान थालिएको हो । यसलाई पार्टीको चुनावी प्रचार अभियानको रुपमा हेरिन्छ ।

देशको सुरक्षा अवस्थाबारे कडा प्रश्न उठाउन थाले । परिणामतः फागुन २४ गते नेकपा (एमाले) ले मेची-महाकाली अभियानलाई तीन दिनको लागि स्थगित गरिएको घोषणा गऱ्यो । त्यसै दिन मधेशी मोर्चाले सप्तरी घटनाको विरोधमा दुई दिने तराई बन्दको आह्वान गऱ्यो ।




**फागुन ९ र २३ बीच घटेका घटनाहरुको विवरण**

*जनकपुर, धनुषा (फागुन ११, २०७३)*

फागुन ११ गते मधेशी मोर्चा र नेकपा (एमाले) का समर्थकहरुबीच झडपमा ढुंगा हानाहान भयो । मधेशी मोर्चाका समर्थकहरुले नेकपा (एमाले) को भ्रातृ संगठन मधेशी लोकतान्त्रिक संगठनका राष्ट्रिय अध्यक्ष रघुवीर महासेठको घर घेरा हाल्ने क्रममा उक्त झडप भएको थियो । मधेशी मोर्चाका अनुसार सो झडपमा उसका दुईजना कार्यकर्ता घाइते भए । ठ्याक्कै संख्या नभने पनि नेकपा (एमाले) ले पनि आफ्ना केही कार्यकर्ता घाइते भएको दाबी गऱ्यो । उक्त घटनाको समाचार संकलन गर्न गएका दुईजना पत्रकार पनि घाइते भएको समाचारले जनायो । उक्त झडपमा करीब ४० जना व्यक्ति संलग्न रहेको विभिन्न समाचार संस्थाहरुले बताए ।

*गौर, रौतहट (फागुन १५, २०७३)*

नेकपा (एमाले) को नयाँ सदस्यता वितरण गर्ने कार्यक्रम मधेशी मोर्चा समर्थकहरुले बिथोल्न खोज्दा प्रहरीसँग मुठभेड भयो । त्यस कार्यक्रममा पूर्व प्रधानमन्त्री माधव नेपालको पनि उपस्थिति थियो । प्रहरीले मोर्चालाई कार्यक्रम बिथोल्नबाट रोक्न खोज्दा झडप सुरु भएको थियो । दुईजना पत्रकार र एकजना प्रहरी घाइते भएको समाचार आयो । विभिन्न समाचार स्रोतहरुका अनुसार करीब २०० प्रदर्शनकारी र प्रहरी झडपमा सामेल थिए ।

*मलेठ, सप्तरी (फागुन २३, २०७३)*

सप्तरीको मलेठमा मधेशी प्रदर्शनकारीहरुमाथि सुरक्षाकर्मीहरुले गोली चलाउँदा कम्तीमा चार जनाको ज्यान जानुको साथै अनेकौं घाइते भए । नेकपा (एमाले) को मेची-महाकाली अभियान अन्तर्गतको एक सभा स्थलभन्दा अलि पर प्रदर्शनकारीहरुले प्रदर्शन गरिरहेका थिए । सुरक्षा निकायका दाबीका साथै केही समाचार माध्यमका अनुसार प्रदर्शनकारीहरु एमालेको सभामा प्रवेश गर्न खोज्दा सुरक्षा दस्ताले गोली चलाउन सुरु गऱ्यो । यद्यपि घटनाक्रम कसरी अघि बढ्यो र सुरक्षा दस्तालाई कारवाही गर्न बाध्य पाऱ्यो भन्ने विषयमा फागुन २४ गते सम्ममा नै विभिन्न विरोधाभासपूर्ण समाचारहरु आए । त्यसैगरी घाइते र मृतकको संख्यामा पनि एकरुपता देखिएन ।

***

*यो प्रतिवेदन डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डिआरसीएन) र शान्तिका लागि साझा अभियान (कोक्याप)/नेपाल मोनिटरले आउँदो निर्वाचनको अवधिभर प्रकाशन गर्ने आवधिक विश्लेषण अद्यावधिक शृंखलाको पहिलो संस्करण हो । डिआरसीएनले स्थलगत अवलोकन, अनुसन्धान र वस्तुगत रिपोर्टिङ मार्फत् नेपालको लोकतन्त्रलाई प्रवर्धन गर्ने लक्ष्य लिएको छ । कोक्यापले नेपालको शान्ति प्रक्रियालाई विभिन्न तरिकाले सघाएको छ, तीमध्ये सामाजिक सुरक्षा प्रणालीलाई प्रबर्धन गर्ने, लोकतान्त्रिक अभ्यासहरुलाई सबल पार्ने र मानवअधिकारको संस्कृतिलाई विकास गर्ने मुख्य हुन् । यस परियोजनाले द एशिया फाउन्डेशन र द कार्टर सेन्टरबाट आर्थिक र प्राविधिक सहायता प्राप्त गरेको छ ।*